आज मिति २०७६ साल पौष महिनाको १८ गते शुक्रबार दिनको ११.०० बजे मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा निम्न अनुसार उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

| सि.नं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरि नारायण महतो | (हस्ताक्षर) |
| २ | उप प्रमुख | तारा कुमारी बस्नेत | (हस्ताक्षर) |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | (हस्ताक्षर) |
| ४ | वडा अध्यक्ष (२) | विहारी महतो | (हस्ताक्षर) |
| ५ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | (हस्ताक्षर) |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरि खदाल | (हस्ताक्षर) |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त वहादुर बलम्पाकी | (हस्ताक्षर) |
| ९ | वडा अध्यक्ष (७) | युबराज उप्रती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | (हस्ताक्षर) |
| ११ | वडा अध्यक्ष (९) | दिपकजंग थापा | (हस्ताक्षर) |
| १२ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | (हस्ताक्षर) |
| १३ | वडा अध्यक्ष (११) | वेद वहादुर कार्की | (हस्ताक्षर) |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी महतो | (हस्ताक्षर) |
| १५ | ,, ,, | ठेट कुमारी दहाल | (हस्ताक्षर) |
| १६ | ,, ,, | रेणु हेन्जन | |
| १७ | ,, ,, | सीता भित्रीकोटी | |
| १८ | ,, ,, | अनिता परियार | अनिता |
| १९ | ,, ,, | राजदेव ठाकुर | (हस्ताक्षर) |
| २० | ,, ,, | गुलाब ठाकुर | |
| २१ | ,, ,, | देवी वहादुर तोलांगे | (हस्ताक्षर) |
| २२ | प्रमुख प्रशासकीय अधिकृत( सचिव) | राम कुमार कार्की | (हस्ताक्षर) |

**सहयोगी कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १. | जिना लामा | सहायक चौथो तह | (हस्ताक्षर) |
| | | | |
| | | | |

Scanned by TapScanner

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको

## प्रस्ताव तथा निर्णयहरु

## मिति २०७६।०९।१८

### बैठकका प्रस्तावहरु

प्रस्ताव नं. १ :-वडा नं.१ स्थित डिप टयूवेल वोरिङ्ग मर्मत सम्भारको लागि रु २,००,०००/-(दुई लाख मात्र) उपलब्ध गराउने सम्वन्धमा।

प्रस्ताव नं. २ :- स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ स्वीकृत गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ३:–मिथिला नगरपालिका, नगर कार्यपालिकाको संगठन संरचना सम्वन्धमा।

प्रस्ताव नं. ४:– मिथिला नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ स्वीकृत सम्वन्धमा।

प्रस्ताव नं. ५:– कार्यालयमा कार्यरत सेवा करार र ज्यालादारी करारका कर्मचारीहरुको म्याद थप गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ६:–कानूनी सल्लाहकारको पारिश्रमिक वृद्धि गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ७:– सेवा करार र ज्यालादारी करारमा कार्यरत कर्मचारीहरुदुर्घटना वीमा गराउने सम्वन्धमा।

प्रस्ताव नं. ८:–पशु विकास शाखाबाट कृतिम गर्भधान तथा गोवर परीक्षण सेवा संचालन गर्दा शुल्क निर्धारण सम्वन्मा।

प्रस्ताव नं. ९:–आ.व. २०७६/०७७ मा नगर सभाबाट वोयर जातको वोका खरिदका लागि रु. ४,५०,०००/-(चार लाख पचास हजार मात्र/-)रकम विनियोजन भएकोले सो रकम अपुग सम्वन्धमा।

प्रस्ताव नं. १०:–घर नक्सा वनाउन **consultancy** को दर्ता शुल्क र नविकरण गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ११:–पुरानो घरहरुको तथा पुर्व निर्मित नियमित गरी अभिलेखिकरण गर्ने सम्वन्धमा।

प्रस्ताव नं. १२:–विउँ उत्पादन कार्यक्रम सम्वन्धमा।

प्रस्ताव नं. १३:–विपन्न एवं महिला कृषक उत्थान कार्यक्रम सम्वन्धमा।

प्रस्ताव नं. १४:–कृषि औजार उपकरण वितरण सम्वन्धमा।

प्रस्ताव नं. १५:–प्राविधिक फिल्ड भत्ता/इन्धन/सञ्चार खर्च उपलब्ध गराउने सम्वन्धमा।

प्रस्ताव नं. १६:–कर्मचारीको संचार खर्च तथा इन्धन खर्च सम्वन्धमा।

प्रस्ताव नं. १७:–साक्षर नगर घोषणा सम्बन्धमा।

प्रस्ताव नं. १८:–नगर शिक्षा समिति २०७६/०९/८ गतेको बैठकको निर्णय नं.४ को स्वीकृत सम्वन्धमा।

प्रस्ताव नं. १९:–राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका लागि नगरस्तरीय खेलकुद समिति गठन गर्ने सम्वन्धमा।

प्रस्ताव नं. २०:–करार कर्मचारीको चाडवाड खर्च तथा पोशाक भत्ता उपलब्ध गराउने सम्वन्धमा।

प्रस्ताव नं.२१:-आर्थिक सहायतता उपलव्ध गराउने सम्वन्धमा।

प्रस्ताव नं. २२ :- विपद् व्यवस्थापन सामाग्री खरिद गर्ने सम्वन्धमा।

### बैठकका निर्णयहरु

निर्णय नं.१ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा मिथिला नगरपालिका वडा नं. १ स्थित राज कुमार महतोको घर पछाडी रहेको डिप टुवेल वोरिङ्गमा टि.यो. डि. मिटर तथा उक्त वोरिङ्ग सञ्चालनका लागि

Scanned by TapScanner

मर्मत संभार गर्नु पर्ने भएको हुँदा सो कार्यको लागि आवश्यक रकम रु.२०००००/-(अक्षरेपी दुई लाख मात्र/-) शिर्षक नं. मर्मत सम्भार शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा योजना शाखाबाट मस्यौदा भई पेश हुन आएको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :- प्रस्ताव नं.३ माथि छलफल गर्दा मिथिला नगरपालिका, नगर कार्यपालिकामा हाल रहेको दरवन्दी तथा संगठन संरचना (O&M) को पुनर्सरचना गर्नु पर्ने भएको सोको लागि परामर्शदाताबाट कार्य गर्न गराउन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिथिला नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिथिला नगरपालिकामा कार्यरत सेवा करार र ज्यालादारी करारमा कार्यरत कर्मचारीहरुको २०७६ साल माघ १ गते देखि लागु हुने गरी २०७७ साल असार मसान्त सम्मको लागि म्याद थप गर्ने र वडा तथा नगर कार्यपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरु पारिश्रमिकमा एकरुपता कायम गर्ने निर्णय गरियो। साथै गत श्रावण भाद्रको कार्यपालिकाको वैठकबाट स्वीकृत भएको म्याद थप र पारिश्रमिकका समान पदका कर्मचारीहरुको पारिश्रमिक घटी बढि हुन गएकोले नगर तथा वडामा कार्यरत समान पदका कर्मचारीहरुलाई समान रुपले पारिश्रमिक उपलब्ध गराउने र छुट भएकालाई गत श्रावण देखि नै छुट रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा कानूनी सल्लाहकारको पारीश्रमिकमा म्याद थप भएको मिति देखि लागु हुने गरी १८% का दरले पारिश्रमिक वृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा कार्यालयको काममा खटिने सेवा करार र ज्यालादारी करारमा कार्यरत कर्मचारीहरुको सामुहिक दुर्घटना वीमा गराउन नगर सभाबाट आवश्यक रकम व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा पशु विकास शाखावाट प्रदान गरिने कृतिम गर्भधान तथा गोवर परीक्षण गर्दा फिल्ड गई गरिने भए रु.२००/- र कार्यालयमा ल्याई गरिने भए रु.५०/- शुल्क लिने निर्णय गरियो ।

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व.२०७६/०७७ मा नगर सभावाट वोयर जातको बोका खरिद गर्ने कार्यका लागि रु.४,५०,०००/-(रु.चार लाख पचास हजार मात्र) मा ९ वटा वोका खरिद गर्ने स्वीकृत भएकोमा उक्त वोकाका लागि रकम अपुग हुने भएकोले आगामी नगर सभाबाट थप बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १० :-प्रस्ताव नं. १० माथि छलफल गर्दा साविकमा घर नक्सा वनाउने consultancy को दर्ता शुल्क ३०००/-(तीन हजार मात्र), नवीकरण शुल्क रु.२५००/-(दुई हजार पाँच सय मात्र) रहेकोमा यस आ.व.को आर्थिक ऐनमा सो बारे उल्लेख नभएकोले आगामी सभाबाट अनुमोदन हुने गरी सोही अनुसार शुल्क लिने निर्णय गरियो ।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा नगरपालिका गठन हुनु पूर्व निर्मित भवनहरुलाई २०७६ साल असार मसान्त सम्म नियमित तथा अभिलेखीकरण गर्ने निर्णय गरियो।

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथि छलफल गर्दा विउ उत्पादन कार्यक्रम समूहगतमा १० हेक्टर मकै र १० हेक्टर धानको विज वृद्धि कार्यक्रम रहेको तर यस क्षेत्रमा मकैको विज वृद्धि कार्यक्रम संचालन गर्न स्थान र समयका कारण हाल उपयुक्त नरहेको हुँदा आगामी नगर सभाबाट

Scanned by TapScanner

अनुमोदन हुने गरी उक्त कार्यक्रमलाई १५ हेक्टर गहु र १५ हेक्टर धान कार्यक्रम संसोधन गरी उक्त मुल विउ कृषक समुह । कृषक समुह/कृषि सहकारीलाई शत प्रतिशत अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३ :– प्रस्ताव नं. १३ माथि छलफल गर्दा विपन्न महिला कृषक उत्थान कार्यक्रम अन्तर्गत च्याउको विउमा १० प्रतिशत किसान आफैले व्यहोर्नु पर्ने र ९० प्रतिशत अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४ :– प्रस्ताव नं. १४ माथि छलफल गर्दा कृषि औजार उपकरण वितरण (हैण्ड ट्रयाक्टर १०, रिपर १०, मिनिटिलर १०) रहेको तर यस क्षेत्रमा हैण्ड ट्रयाक्टर र मिनि टिलरको आवश्यकता नरहेको हुँदा उक्त कार्यक्रम संशोधन गरी पावर स्प्रेयर, विडर र अगर(ड्रिलर) राख्ने निर्णय गरियो ।

निर्णय नं. १५ :- प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस मिथिला नगरपालिकामा कार्यरत सवै प्राविधिक अधिकृत स्तरलाई २५% र सो भन्दा तल्लो तहलाई २०% का दरले फिल्ड भत्ता उपलब्ध गराउने र महिनामा १५ लिटर पेट्रोल र रु.१०००/- का दरले सञ्चार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १६ :– प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस मिथिला नगरपालिमा कार्यरत सवै शाखा प्रमुखहरुलाई सञ्चार खर्च वापत रु.१०००/-(अक्षरेपी रु.एक हजार मात्र/-) र मासिक १० लिटर पेट्रोल उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १७ :– प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस मिथिला नगरपालिकालाई साक्षर नगर घोषणा गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १८ :– प्रस्ताव नं. १८ माथि छलफल गर्दा नगर शिक्षा समितिको मिति २०७६/०९/०८ गते वसेको वैठकको निर्णय नं.४ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ :– प्रस्ताव नं. १९ माथि छलफल गर्दा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका लागि तपसिल अनुसारको नगरस्तरीय खेलकुद समिति गठन गर्ने निर्णय गरियो ।

| वडा नं. | नाम |
|---|---|
| १. | विलेन्द्र कुमार सिंह |
| २. | अरुण कुमार महतो |
| ३. | अरुण सदा |
| ४. | श्रीराम थापा |
| ५. | ................. (पछि पूर्ति गरिने ) |
| ६. | सुमन पुलामी |
| ७. | प्रेम वहादुर कडारी |
| ८. | प्रमोद शाह |
| ९. | .....................(पछि पूर्ति गरिने ) |
| १०. | तिलक लामा |
| ११. | पूण्य हरी ज्ञावक |

निर्णय नं. २० :– प्रस्ताव नं. २० माथि छलफल गर्दा मासिक ज्यालादारी करार सेवामा कार्यरत कर्मचारीको लागि नगर प्रमुखले तोके बमोजिम पोशाक भत्ता तथा चाडवाड खर्च उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by TapScanner

निर्णय नं. २१:– आजको कार्यपालिकाको मिति सम्म आर्थिक सहयोगको लागि पेश हुन आएका निवेदनहरुमा विनियोजित बजेटले खामे सम्म नगर प्रमुखज्यूको तोक आदेश अनुसार सामाजिक परिचालन कार्यक्रमबाट भुक्तानी दिने र यस अगाडी सामाजिक परिचालन खर्चबाट भुक्तानी भएका आर्थिक सहयोग रकमको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २२ :– सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा वेश क्याम्प, नक्टाझिज च.नं. ४८ मिति २०७६।७।१९ को पत्रबाट विपद्र व्यवस्थापनको सामाग्री उपलब्ध गराई दिन लेखी आए अनुसार नियमानुसार सार्वजनिक खरिद प्रक्रिया पुरा गरी बढिमा २ लाख ५० हजार सम्मको सामाग्री विपद् व्यवस्थापन शाखाले खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

Scanned by TapScanner